कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,काभ्रेपलाञ्चोक
बागमतीप्रदेश, नेपाल

# कृषि विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सुचना

सूचना नं२/०७७/७८

प्रथम पटक प्रकाशित मिति: २०७७/०५/२२

कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोकको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार तपशील बमोजिमको कार्यक्रमहरु यस कृषि ज्ञान केन्द्र मार्फत कार्यन्वयनको लागि सम्वन्धित कार्यक्रम संचालन कार्यविधिले तोकिए बमोजिमका शर्तहरु पालन गरि साझेदारी गर्न इच्छुक आवेदक वा प्रस्तावकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७७/०६/२० कार्यालय समय) भित्र कार्यविधिहरुमा तोकिएको कागजातहरु संलग्न गरि प्रस्ताव दर्ता गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | साझेदार संस्था | कृषि ज्ञानकेन्द्रको अनुदान | स्वीकृतकार्यविधिको नाम | प्रस्ताव माग भएकोस्थान |
|---|---|---|---|---|---|---|---|
| १ | समूह/सहकारी/निजि क्षेत्रको ५० प्रतिशत साझेदारीमा मेशिनरीऔजारवितरण ( कृषि-खेतीको साथै सिंचाई प्रयोजन र पशु चिकित्सा सम्वन्धि उपकरण तथामेशिनरी औजार | पटक | १ | कृषिसहकारी/समूह/निजि क्षेत्र | कुल लागतको ५० % | कृषि यन्त्रीकरण प्रवर्द्धन सम्बन्धि कार्यविधि २०७५ (तेश्रो संसोधन २०७७) | काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्ला |
| २ | स्थानीय तह/ सहकारी/समूह/निजि क्षेत्रको ५० प्रतिशत लागतसाझेदारीमा राष्टिक हाउस निर्माण कार्यक्रम (५० मे टन भन्दा माथी) | संख्या | ४ | कृषिसहकारी/समूह/निजि क्षेत्र | कार्यविधि अनुसार अधिकतम २० लाख प्रति प्रस्ताव | आलुकिवी रस्टिक हाउस निर्माण कार्यक्रम संचालन कार्यविधि, २०७६(प्रथम संसोधन २०७७) | हेलम्बु गा.पा., पाँचखाल न.पा., चौतारा साँगाचोक गडी न.पा. र जुगलगा.पा. |
| ३ | उच्चप्रविधि युक्त संरक्षित संरचनामा तरकारी खेती (doubling productivity poly house/ Net house) | रोपनी | २४ | कृषिसहकारी/समूह/निजि क्षेत्र | कुललागतको ५० % अधिकतम ५.२७ लाख | उच्च प्रविधियुक्त संरक्षित संरचनामा तरकारी खेती कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ | काभ्रेपलाञ्चोकर सिन्धुपाल्चोक जिल्ला |
| ४ | उन्नतविउ उत्पादन तथा प्रवर्द्धन कार्यक्रममा रू. २०/के.जी. का दरले प्रोत्साहन रकम(धान-३० हे., मकै- ३७ हे., गहुँ- ५२ हे.) | हेक्टर | ११९ | विउउत्पादक (कृषक समूह/ सहकारी/निजि फर्म) | प्रतिके.जि. रू. २० | उन्नत बीउ उत्पादन कार्यक्रम प्रोत्साहन कार्यविधि,२०७७ | काभ्रेपलाञ्चोकजिल्ला |
| ५ | उन्नत विउ उत्पादन तथा प्रवर्द्धन कार्यक्रममा रू. २०/के.जी. कादरले प्रोत्साहन रकम (धान-५ हे., मकै- १८ हे.) | हेक्टर | २३ | | | | सिन्धुपाल्चोक जिल्ला |

पुनश्चः माथि उल्लेखित कार्यविधिहरु बागमती प्रदेशको वेवसाइट https://molmac.bagamati.gov.np वा कृषि ज्ञान केन्द्र काभ्रेको वेवसाइटhttps://kavre.akc.gov.npमा गएर डाउनलोड गरी हेर्न सकिनेछ

**आवश्यक कागजातहरु**

क) रू १० को हुलाक टिकेट सहित तोकिएको ढाँचामा निवेदन र सम्वन्धित व्यक्तिको नागरिकताको प्रतिलिपी ।
ख) प्रचलित ऐन र कार्यविधि बमोजिम आधिकारिक निकायमा संस्थादर्ता भएको प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिको एक एक प्रति ।
ग) समूह वा संस्थाको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी
घ) साझेदारले अनुदान प्रक्रियाको लागि जिम्मवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र र १ प्रति पासपोर्ट साइजको फोटो।
ङ) आवेदकले आफुले संचालन गर्ने व्यवसायको तोकिएको ढाँचामा परियोजना प्रस्ताव ।
च) सम्बन्धितस्थानीय तहको सिफारिस ।

डा. जनार्दन खड्का
कार्यालय प्रमुख